बैठक संख्या - ८०

आज मिति २०७६ साल कार्तीक २९ गतेका दिन यस कनकाई नगरपालिका कार्यालयका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्ष्यतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | राजेन्द्र कुमार पोखरेल– |
| २. | नगर उप प्रमुख | मञ्जु प्रसाई– |
| ३. | वडा अध्यक्ष | रोशन राज पोखरेल– |
| ४. | वडा अध्यक्ष | परशुराम गिरी – |
| ५. | वडा अध्यक्ष | रुद्र प्रसाद चिमरीया– |
| ६. | वडा अध्यक्ष | गोबिन्द प्रसाद पौडेल– |
| ७. | वडा अध्यक्ष | कृष्ण बहादुर राई– |
| ८. | वडा अध्यक्ष | लक्ष्मी प्रसाद ओली – |
| ९. | वडा अध्यक्ष | लीला बहादुर कन्दङ्गवा– |
| १०. | वडा अध्यक्ष | प्रेम बहादुर कटुवाल– |
| ११. | वडा अध्यक्ष | प्रेम प्रसाद राजवंशी– |
| १२. | कार्यपालिका सदस्य | सिता अधिकारी– |
| १३. | कार्यपालिका सदस्य | साबित्रा बर्देवा– |
| १४. | कार्यपालिका सदस्य | चुवा लाल राजवंशी– |
| १५. | कार्यपालिका सदस्य | देबेन्द्र कुमार दर्जी– |
| १६. | कार्यपालिका सदस्य | कृष्ण माया भुजेल– |
| १७. | कार्यपालिका सदस्य | सुनिता खरेल सिग्देल– |
| १८. | कार्यपालिका सदस्य | नवलकिशोर दत्त कायस्थ– |
| १९. | कार्यपालिका सदस्य | मुना बयलकोटी |
| २० | सदस्य सचिव प्र प्र अ | खरुदेव चुडाल |
| २१ | अन्य कर्मचारी | |

२१ का.वा.वडा. उप ... शशिकान्त नेपाली

**निर्णयहरु :**

१. नेपालका विभिन्न सिमाहरु मिचिएको सम्बन्धमा यस कनकाई नगरपालिकाको समेत ध्यान आकर्षण भएको र सो सम्बन्धमा उपयुक्त समयमा सर्व पक्षिय वैठक बसी सो सम्बन्धमा आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

२.कनकाई नगरपालिकाका सबै जनप्रतिनिधिहरुबाट काममा सबैको सहभागिता जनाउन कम्तिमा महिनाको १ दिन जनश्रमदान गर्ने निर्णय गरियो ।

३.कनकाई नगरपालिका वडा न ३ मा निमार्ण हुने कनकाई व्यवसायिक भवनको पहिलो तलाको भ्याट सहित रु ५,८६,९३,०००।-लागत स्टमेन्ट ड्रईङ डिजाईन स्विकृत गरी टेन्डर प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

४.घ वर्गको ईजाजत प्राप्तीका लागि दिएको निवेदन उपर कारबाही हुदा सम्पुर्ण प्रक्रिया पुरा गरी प्रोपाईटर हरी प्रसाद भट्टराई र सुरेश सुवेदी भएको पार्वति अम्बिका कम्पनी प्रा.लि.लाई घ वर्गको इजाजत प्रदान गर्ने निर्णय गरियो ।

५.कनकाई नगरपालिका वडा नं ३ हुदै धनुषकोटी जाने सडक पिच आवश्यक मर्मत गर्नुपर्ने भएकोले सो सडक उपभोक्ता समिति मार्फत मर्मत गर्ने निर्णय गरियो ।

६.सडक वोर्डबाट संचालन हुने योजनाको लागि नगरसभाबाट १ करोड विनियोजन भई योजना छनोट भएको यस आ.व.मा सडक बोर्ड नेपालबाट यस आ.व.मा सैतिस लाख मात्र अख्तियारी प्राप्त हुन आएकाले तपसिलमा रहेको योजना संचालन गर्ने र अन्य वाकी योजना नपाको आफ्नो स्रोतबाट आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | स्थान | स्वीकृत रकम |
|---|---|---|---|
| १ | गुरुङ्ग साईलाको घर देखि लालपानी जाने बाटो | कनकाई -५ | ८,००,०००।- |
| २ | कृषि मार्ग | वाड नं -४ | ८,००,०००।- |
| ३ | चर्च देखि झरना बस्ति जाने बाटो | कनकाई -३ | ८,००,०००।- |
| ४ | मनमोहन मार्ग | कनकाई -२ | ८,००,०००।- |
| ५ | मण्डल बस्ती | कनकाई -५ | ५,००,०००।- |

७.आगामी नगरसभाबाट अनुमोदन हुने गरी हाललाई कनकाई पोलीटेक्निक इन्स्टिच्युटलाई रु १०,००,०००।-(दस लाख) सवारी साधन खरिद शिर्षकबाट अनुदान दिने निर्णय गरियो।

८.आ.व.०७४।७५को बेरुजु फर्छ्यौटका लागि लेखा समितिमा दफावार छलफलका लागि पठाउने निर्णय गरियो ।

९.वडा नं ३ को वडा कार्यालय भवनको मर्मत तथा आवश्यक फर्निचर व्यवस्थापनका लागि थप रकम माग भई आएकोले नगर प्रमुख बाट स्रोत पहिचान गरी रकम निकासा गर्ने निर्णय गरियो ।

१०.कनकाई पोलीटेक्निक इन्स्टिच्युटको लागि आवश्यक पर्ने घरको लागि गठित घरभाडा समितिबाट प्राप्त निवेदन सिफारिस गरिएको क्रम नं १ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

११.यस कनकाई नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारी ,स्वास्थ्य ,सरसफाई लगायतका कर्मचारीहरुको लागि साविक खाईपाई आएको तलब भत्ता उपलब्ध गराउने गरि संलग्न लिष्ट बमोजिमका कर्मचारीहरुको म्याद समाप्त भएको मितिले कात्तिक मसान्त सम्म १ महिनाको म्याद थप्ने र कर्मचारीको तलब भत्ता सुविधा परिमार्जनका लागि प्रतिवेदन पेश गर्न लेखा समिति तथा कार्यपालिकाको तर्फबाट प्रेम बहादुर कटुवाल र लेखा अधिकृत तथा जिन्सी शाखा प्रमुखले आवश्यक छलफल गरी कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

१२.कनकाई नगरपालिका वडा नं २ मा निमार्ण भईरहेको कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा कम्पनी प्रा.लि.को न.पा.बाट रु ५०,००,०००।- (पचास लाख )बराबरको शेयर खरिद सम्बन्धमा पाचौ नगरसभामा कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा संचालन व्यवस्थापन कार्यविधि निर्णयार्थ पेश भएको र कार्यविधि परिमार्जन गरी कार्यन्वयन गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरेकोमा उक्त कार्यविधि परिमार्जन सहित पेश हुन आएकोले कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा संचालन व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो साथै शेयर उक्त कम्पनीसँग खरिदका लागि कम्पनी रजिष्टरको कार्यालयबाट निर्णय हुनका लागि संघीय मन्त्रिपरिषदबाट निर्णय हुनु पर्ने बुझिएकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक कारबाही हुन कागजात सहित अनुरोध गर्ने निर्णय गरियो ।

बैठक शौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो ।